त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको सम्पर्क कार्यालय

सानेपा, ललितपुर, नेपाल

मिति: २०७५।०८।१४

## कृषि/बागबानी स्नातक (B.Sc.Ag./Hort.) तहमा विद्यार्थी भर्ना सम्बन्धि

## सूचना

यस अध्ययन संस्थान अन्तर्गत शैक्षिक वर्ष २०७५।०७६ को लागि संचालित आँगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा अध्ययन गर्न चाहने, आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि online बाट आवेदन दिन तथा भर्ना सम्बन्धि कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले online मार्फत आवेदन दिँदा त्यहाँ मागे अनुसारका सत्य विवरणहरु भरी प्रमाणपत्रहरु upload गरी पठाउनुपर्नेछ । त्रि.वि वाहेक अन्य संस्थाबाट प्रमाणपत्र तह उत्तीण गर्ने आवेदकहरुले भर्नाको समयमा समकक्षता (Equivalence) निर्धारणका प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

१. **Online Application Submit गर्न ध्यान दिनुपर्ने कुराहरु:**

- आबेदन online बाट मात्र दिन पाइनेछ । आबेदनमा समाबेस गरीएका तथ्याङ्कहरु, प्रमाणपत्रहरु तथा फोटो सत्य हुनुपर्नेछ । त्यहाँ दिइएका कुनैपनि जानकारी झुटो वा अपुग पाइएमा त्यस्ता आबेदन अयोग्य हुनेछन । तसर्थ documents पुरा भएपछिमात्र आबेदन दिन जानकारी गराईन्छ ।
- कुनै पनि browser, जस्तै Google chrome, Mozilla etc खोली **entrance.iaas.edu.np** type गरी enter गरेमा Start Registration पेज खुल्नेछ । सो **start registration** button click गरेमा **Bank Information** पेज र त्यस्पछि **next** click गरेमा **Registration and Photo Instructions** क्रमश: देखापर्नेछन । फेरी **next** click गरेमा **application form** देखापर्नेछ । बिद्यार्थीले instructions राम्रो सँग पढी त्यहाँ उल्लेखित नियम पालना गर्नुपर्नेछ । आबेदन फाराममा Asterisk (*) दिइएका बुँदाहरु अनिबार्य रुपमा भर्नुपर्नेछ। अन्यथा save तथा upload हुनेछैन ।
- आबेदन फाराम पूर्णरुपमा भरेपछि तथा आबश्यक प्रमाणपत्रहरु upload गरेपछि पुछारमा रहेको **save** button click गरि सबै जानकारी बचाउनुपर्नेछ । फोटो तथा प्रमाणपत्रहरु upload गर्दा संबन्धित box थिचि, file खोली click गरी **open** click गरेमा संबन्धित box को दाँयाँ भागमा सो प्रमाणपत्र देखापर्नेछ । Documents Save भएमा saved successfully देखाइ फारामको सिरानमा फर्कन्छ । आबेदन फारामको सिरानको बाँयाँ भागमा रहेका **edit** button थिचि आफुले भरेका तथ्याङ्कहरु तथा upload गरिएका प्रमाणपत्रहरु ठिक तथा पुरा भए/नभएको रुजु गरी सबै आबश्यक तथ्याङ्कहरु तथा प्रमाणपत्रहरु पुरा भएपछि पुन: **save** गरेर मात्र **submit** button थिच्नुपर्नेछ । submit button थिचेपछि पुन **edit** गर्न मिल्नेछैन । Documents Submit कार्य सफल भएमा Page को माथि दाँया कुनामा **Download Confirmation Page** देखापर्नेछ । सो click गरेमा पिँधको बाँया कुनामा file देखिन्छ सो click गरी एक प्रति **print** गरी लिनु पर्दछ, जस्को विवरण प्रबेशपत्र लिन आबश्यक पर्दछ ।

२ **आवेदकको न्युनतम शैक्षिक योग्यताः**

एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीण भई आई.एस्सी.(विज्ञान), /कृषि विज्ञान, वा १०+२(कृषि) वा सो सरहको तहमा अंग्रेजी, केमेष्ट्री, वायोलोजी, गणित र फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको ५०% (पचास प्रतिशत) अङ्क वा Letter Grading System अन्तर्गत भए Aggregate मा $C^{+}$ प्राप्त गरी उत्तिर्ण भएको हुनुपर्नेछ । १०+२ कृषि अध्ययन गरेका विद्यार्थीको Transcript मा यदि गणित विषयको Marks उल्लेख नभएको भए गणित विषय पढेको थप मार्कसिट upload गर्नु पर्नेछ ।

३ **आवेदन तथा परिक्षा शुल्कः**

● कृषि/बागबानी स्नातक तहको लागि आवेदन फाराम शुल्क र परिक्षा शुल्क गरी एकमुष्ट रु. ४५००।-(रु.चार हजार पाँच सय) बुझाउनु पर्नेछ । Bank voucher मा deposited by भन्ने स्थानमा Applicant's name र mobile no. अनिबार्य रुपमा लेख्नुपर्नेछ ।

● आवेदन फाराम तथा प्रवेश परीक्षा शुल्क त्रि. बि., कीर्तिपुर परिसरमा अबस्थित नेपाल बैंक लिमिटेडमा रहेको यस अध्ययन सँस्थानको खाता **"कृ.प.बि.अ.सं, प्रबेश परिक्षा, खाता नं. ०४५००१०६५९८५४३००००००१"** **'IAAS, Entrance Exam, Account no. 04500106598543000001'** मा, वा नेपाल बैंक लिमिटेडको अन्य शाखा/उपशाखाबाट उक्त खातामा रकम जम्मा गरी सोको सक्कलै भौंचर आवेदन फाराममा upload गर्नुपर्नेछ । रकम जम्मा गर्नुअघि आफ्नो कागजात पुरा र रितपूर्बक भए नभएको रुजु गर्न सुझाब दिइन्छ । रकम जम्मा गरिसकेपछि आबेदन ठिक/बेठिक जेभएपनि उक्त रकम फिर्ता हुनेछैन । आवेदकले Online आवेदनमा गरेको भूल, सुधार गर्न चाहेमा मिति २०७५ पौष १५ गते भित्र उक्त खातामा रु. १००।- (एक सय) मात्र बुझाई डीन कार्यलयमा, कार्यालय समय भित्र भूल सुधार गर्न सकिनेछ ।

४. **आवेदन दिने मिति र समयः**

आबेदन दिने मिति **२०७५ मंसीर १९ गते देखि २०७५ पौष ११ गते** राती बाह्रबजे सम्म हरेक दिन (बिदाका दिनमा समेत) चौबिसै घण्टा दिन सकिनेछ ।

५. **प्रबेशपत्र बितरणको तरीका :**

परीक्षाको लागि प्रबेशपत्र बितरण मिति **२०७५ पौष १७ गतेबाट** गरिनेछ । आबेदकले Internet भएको कुनैपनि computer मा कुनै browser खोली entrance.iaas.edu.np type गरी, Applicant's Status थिचि, आफनो identity entry गरी, search status click गरेपछि admit card देखाउनेछ । उक्त admission card अनिबार्य रुपमा color print गरी लिनुपर्नेछ । परीक्षामा आउँदा सो प्रबेश पत्र अनिबार्य रुपमा देखाउनु पर्नेछ ।

६. **प्रवेश परीक्षा हुने मिति तथा नतिजा प्रकाशनः**

● परीक्षा मिति **२०७५ पौष २१ गते** विहान ११:०० बजे देखि १२:३० बजे सम्म हुनेछ । नतिजा **२०७५ पौष २२ गते भित्र** तथा मेरीट क्रम **२०७५ पौष २४ गते भित्र** प्रकाशित गरिनेछ । प्रबेश परिक्षाको उत्तिर्णाङ्क ५० प्रतिशत हुनेछ । सबै नतिजा तथा सूचना IAAS को website मा पनि राखिनेछ ।

● प्रमाणपत्र तह स्तरका निम्न विषयहरुबाट कुल प्रश्न संख्या १०० (एक सय) प्रवेश परीक्षाहरुका प्रश्नपत्रमा समावेश गरिनेछन् । सबै प्रश्नपत्रहरु बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) का हुनेछन ।

(क) अंग्रेजी-१५ (ख) केमेष्ट्री-१५ (ग) फिजिक्स-१५ (घ) गणित- १५ (ङ) जुलोजी-१५ (च) बोटानी-१५ (छ) कृषि सम्बन्धि -५ (झ) सामान्य ज्ञान सम्बन्धि -५.

७. **प्रवेश परीक्षा हुने स्थानः**

त्रि.बि. केन्दीय क्याम्पस, कीर्तिपुर, काठमाण्डौं । स्थान परिबर्तन हुने भएमा पछि जानकारी गराइनेछ ।

८. **बिद्यार्थी भर्ना तालिका:**

● मेरीट(आरक्षित समेत) कोटामा एकै दिनमा र Institute Development Fund (IDF) कोटाको अलग दिनमा भर्ना लिइनेछ । सबै मेरीट कोटाहरु (आरक्षित समेत) को लागी २०७५ पौष २९ गते र IDF कोटाको लागी २०७५ माघ १० गते भर्ना गरिनेछ ।

● भर्ना हुन ईच्छुक विद्यार्थीहरु उपरोक्त मितिमा दिनको १२:०० बजे भित्र त्रि.वि स्मृति भवनमा रहेको यस अध्ययन संस्थानको सम्पर्क कार्यालय, कीर्तिपुरमा उपस्थित हुनुपर्नेछ ।

● सोही दिनको १२:०० बजेदेखि मेरिटको आधारमा बिद्यार्थी भर्ना गरिने छ ।

● पहिलो मेरिट क्रमका विद्यार्थी भर्ना हुन नआई कोटा रिक्त भएमा मेरिट क्रमका त्यस पछि आएका विद्यार्थीलाई भर्ना लिईने छ ।

● तर कोटा संख्या पूरा भईसकेको अवस्थामा अगाडिको मेरिटको विद्यार्थी भएपनि १२:०० बजेपछि आएमा सो कोटामा भर्ना लिईने छैन ।

● विद्यार्थी कुनै एक कोटा (मेरीट वा IDF) मा भर्ना भएपछि कुनै अर्को कोटा तथा Annex कोटामा समेत भर्ना हुन पाउनेछैन । कुनै मेरिट कोटा रिक्त रहेमा सो कोटा स्वतः IDF कोटामा स्थानान्तरण हुनेछ ।

● IDF तथा स्टाफ कोटा अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढाँचामा नियमानुसार डीनको सम्पर्क कार्यालय, सानेपामा आवेदन दिनुपर्नेछ । निबेदकले रु.२००।०० जम्मा गरेको बैंक भौचर डीनको सम्पर्क कार्यालय सानेपामा बुझाई IDF फाराम प्राप्त गर्न सक्नेछन् । त्यस्ता आवेदकहरु मध्येबाट निर्धारित कोटाका लागि योग्यताक्रमको आधारमा भर्ना लिइने छ । IDF तथा Staff कोटाको लागी आवेदन २०७५ पौष ३० गते बाट २०७५ माघ ७ गते सम्म दिन सकिनेछ । सो कोटाका लागी आवेदन फाराम विद्यार्थी स्वयमले बुझाउनु पर्नेछ । विद्यार्थी स्वयम आफु आउन नसक्ने अवस्था परेमा विद्यार्थीको परिवारको नाता खुलेको प्रमाणपत्र पेश गरी आवेदन फाराम बुझाउन सकिनेछ । भर्ना तालिका तथा IDF र Staff quota का लागि निबेदन दिने अन्तिम दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र निबेदन दिन तथा भर्ना हुन सकिनेछ ।

९. **भर्नाको आधार र कोटा वितरण:**

● प्रवेश परीक्षाको प्राप्ताङ्कलाई नै १००% अंकभार दिईनेछ, सोको आधारमा सबै कोटाका लागी योग्यताक्रम सूचि तयार गरी भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्राप्ताङ्क प्रतिशत बराबर भएमा 10+2 वा सोसरहको प्रतिशत/ग्रेड, सो पनि बराबर भएमा एस.एल.सी वा सोसरहको प्रतिशत/ग्रेड र सो पनि बराबर भएमा क्रमसः बायोलोजी, केमेस्ट्रि, अंग्रेजी, गणित तथा फिजिक्स विषयको प्रतिशत/ग्रेड हेरी बढी प्रतिशत/ग्रेड ल्याउनेलाई भर्ना गरिनेछ ।

● प्रवेश परिक्षामा उत्तिर्ण हुने विद्यार्थीहरु यस अध्ययन सँस्थान अन्तर्गतका कृषि स्नातक कार्यक्रम सञ्चालन गरेका संबन्धन प्राप्त क्याम्पसहरुमा निर्धारित ५०।५० र बागबानी स्नातक कार्यक्रम सञ्चालन गरेका क्याम्पसको लागि निर्धारित ३० कोटाका लागि भर्ना हुन योग्य ठहरिने छन् । ति विद्यार्थीहरुको लागि भर्ना सम्बन्धी कार्यक्रम सम्बन्धित क्याम्पसबाट नै पछि प्रकाशित हुनेछ । यी सम्वन्धन प्राप्त क्याम्पसहरुले पनि विद्यार्थी मेरिटको आधारमा भर्ना गर्नुपर्नेछ ।

● अघिल्लो वर्ष जस्तै यस शैक्षिक बर्षमा पनि कृषि/बागबानी स्नातकतह तर्फ आगिंक क्याम्पसहरुमा निजी (एनेक्स) तरिकाबाट चलाइएको शैक्षिक कार्यक्रमहरु तथा संबन्धन प्राप्त क्याम्पसहरुमा निजी कोटाको ५% (पाँच प्रतिशत) स्थानीय कोटा छुट्याइएको छ । कोटा यस अध्ययन सँस्थानको आंगिक क्याम्पसहरुमा स्विकृत कोटामा थप हुनेछ, तर संबन्धन प्राप्त क्याम्पस/कलेजहरुमा स्विकृत कोटा भित्रैबाट लागुहुनेछ । जस अनुसार ५० कोटा Annex भएका आंगिक क्याम्पसहरुमा स्थानीय कोटा ३ थप गरी जम्मा निजी कोटा ५३ हुनेछन् । तर संबन्धन प्राप्त कलेजहरुमा ५० कोटा भएमा सो भित्रैबाट स्थानीय कोटाका रुपमा ३ सीट र ३० कोटा भएका क्याम्पसमा त्यही भित्रबाट २ सिट स्थानीय कोटाका रुपमा, डीन कार्यालयबाट भर्ना गर्नु अघि स्विकृति लिइ भर्ना गर्न सकिनेछ । अग्रिम स्विकृती नलीइ यी क्याम्पसहरुले विद्यार्थी भर्ना लिएमा ति कोटा रद्द हुनेछन् ।

● संबन्धन प्राप्त क्याम्पस/कलेजहरुले डीन कार्यालय, सानेपामा आफना सबै भर्नाका प्रकृया संबन्धि शुरु देखि अन्त्य सम्मका सबै सूचना तथा बिद्यार्थीहरुको नामाबलि अनिबार्य रुपमा एक महिना भित्रमा उपलब्ध गराउनुपर्नेछ । डीन कार्यालयले तोकेको प्रतिनिधिको रोहबरमा सो क्याम्पसहरुले विद्यार्थी भर्नाको मेरिट लिष्ट निकाली सो को आधारमा भर्ना गर्नुपर्नेछ ।

● त्रि.वि.को नियममा व्यवस्था भए अनुसार छात्रा, आदिबासी-जनजाती, मधेसी, थारु, दलित, अपाङ्ग, मुस्लिम, दुर्गम जिल्ला (नागरिकता अनुसार स्थायी बसोबास: अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु तथा हुम्ला भएका तर स्थायी ठेगाना ति नौ जिल्ला बाहेक अन्य जिल्लामा स्थानान्तरण नगरेका) तथा अन्य (अल्पसंख्यक, सिमान्तकृत, पिछडा बर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा आर्थिक रुपले बिपन्न खस आर्य) विद्यार्थीहरुको लागि केही सिट आरक्षण गरिएको छ । छात्रा बाहेक अन्य आबेदकले उपरोक्त आरक्षीत कोटामा भर्ना हुन चाहेमा आवेदनसाथ, निम्नानुसार कोटाको लागि, निम्नानुसार निकायबाट प्राप्त प्रमाणपत्रको Clear Image upload गर्नुपर्नेछ ।

क. अपाङ्ग कोटा : नेपाल सरकार बाट मान्यता प्राप्त जिल्ला वा राष्ट्रिय अपाङ्ग महासंघ वा सम्वन्धित जिल्ला प्रशासन कार्यालय ।
ख. आदिबासी/जनजाति कोटा: आदिबासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय ।
ग. दलित कोटा : राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालय ।
घ. दुर्गम जिल्ला: संबन्धित नगरपालिका वा गाउँ पालिका कार्यालय ।
ङ. मधेसी कोटा: सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालय ।
च. मुस्लिम कोटा: सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।
छ. अन्य कोटा: संबन्धित गाउँ पालिका, नगर पालिका वा संबन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।
ज. स्टाफ कोटा: सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता प्रमाणित हुने नागरिकताका प्रमाणपत्र तथा सम्बन्धित क्याम्पसको सिफारिस पत्र ।

यदि कुनै बिद्यार्थीले कृषि स्नातक कार्यक्रमहरुमा कुनै कोटा अन्तर्गत निबेदन दिन चाहेमा सो कोटाको प्रमाणपत्र निबेदनमा संलग्न गर्न जरुरी हुनेछ । यदी निबेदनमा यस्ता प्रमाणपत्रहरु समाबेश नभएमा त्यस्मा कारबाही गरिने छैन । उक्त कोटाहरुमा पनि भर्ना योग्यताक्रमको आधारमा लिइनेछ ।

● वि.एस्सी. कृषिका लागि पक्लिहवा, लमजुङ्ग, रामपुर (खैरहनी) तथा गौरादह क्याम्पसहरु प्रत्येकमा ५० का दरले जम्मा २०० जना विद्यार्थीहरु, निम्न तालीका अनुसारको मूलकोटामा, भर्ना लिइनेछ ।

तालिका १: शै.व. २०७५।०७६ मा आंगिक क्याम्पसहरुमा मूल कोटा अन्तर्गत भर्ना लिइने जम्मा विद्यार्थी संख्या ।

| **Main Quota** | **BScAg** |
|---|---|
| Merit | 106 |
| Reserved | 40 |
| IDF | 54 |
| **Total** | **200** |

उक्त संख्यामा यस अध्ययन संस्थानसँग MOU भएका नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद तथा अन्य संघ संस्थाबाट MOU बमोजिम आउने मनोनयीहरु र निम्नानूसारका स्टाफ कोटा समावेश गरिएका छैनन । स्टाफ कोटाका लागि चारवटै क्याम्पस (पक्लिहवा, लमजुङ, गौरादह र रामपुर) तथा डीन कार्यालयमा कार्यरत शिक्षक/कर्मचारीहरुका आश्रित (श्रीमान, श्रीमती, छोरा तथा छोरी) मध्येबाट नियमानुसार आवेदन दिएका र प्रवेश परीक्षा उत्तिर्ण गरेका सम्पूर्ण मध्येबाट योग्यताक्रम अनुसार निधारित कोटा बमोजिम भर्ना लिई रोजेको वा तोकेका क्याम्पसमा पठाइनेछ ।
स्टाफ कोटा रिक्त रहन गएमा त्यस्ता कोटामा अन्य विद्यार्थी भर्ना लिइने छैन । बिभिन्न कोटा अनुसार बिभिन्न क्याम्पसहरुमा बिद्यार्थी संख्या निम्नानूसार रहनेछ ।

तालिका २: शै.व. २०७५।०७६ मा बिभिन्न क्याम्पसमा विभिन्न कोटा अन्तर्गत भर्ना लिइने जम्मा विद्यार्थी संख्या ।

| कोटा विवरण | वि.एस्सी. कृषि | | | | |
|---|---|---|---|---|---|
| | लमजुङ्ग-५० | पक्लिहवा-५० | खैरहनी-५० | गौरादह-५० | जम्मा-२०० |
| मेरिट | २६ | २६ | २६ | २६ | १०६[1] |
| छात्राः खुला | १ | १ | १ | १ | ६[1] |
| दलीत | बिद्यार्थीको छनोट तथा बाँडफाँडका आधारमा क्याम्पस तोकिने | | | | १[1] |
| मुस्लीम | बिद्यार्थीको छनोट तथा बाँडफाँडका आधारमा क्याम्पस तोकिने | | | | १[1] |
| आदिबासी-जनजाती | १ | १ | १ | १ | ६[1] |
| मधेसीः खुला | १ | १ | १ | १ | ४ देखि ५[2] |
| दलीत | बिद्यार्थीको छनोट तथा बाँडफाँडका आधारमा क्याम्पस तोकिने | | | | १[1] |
| थारु | १ | १ | १ | १ | ४ |
| दलित | बिद्यार्थीको छनोट तथा बाँडफाँडका आधारमा क्याम्पस तोकिने | | | | ३ देखि ४[2] |
| अपाङ्ग | बिद्यार्थीको छनोट तथा बाँडफाँडका आधारमा क्याम्पस तोकिने | | | | ३ देखि ४[2] |
| मुश्लीम | बिद्यार्थीको छनोट तथा बाँडफाँडका आधारमा क्याम्पस तोकिने | | | | ३[1] |
| दुर्गम जिल्ला | बिद्यार्थीको छनोट तथा बाँडफाँडका आधारमा क्याम्पस तोकिने | | | | ३[1] |
| अन्य | बिद्यार्थीको छनोट तथा बाँडफाँडका आधारमा क्याम्पस तोकिने | | | | ३[1] |
| अध्ययन संस्थान विकास शुल्क | १३ | १३ | १३ | १३ | ५४[1] |
| जम्मा | ४३ | ४३ | ४३ | ४३ | २०० |
| स्टाफ सहलियत शुल्क | - | - | - | - | ४* |
| स्टाफ अर्धशुल्क | - | - | - | - | १* |
| स्टाफ पूर्णशुल्क | - | - | - | - | १* |
| जम्मा | - | - | - | - | ६* |

[1]बाँकी बिद्यार्थी बिद्यार्थीको क्याम्पस छनोट तथा सबै क्याम्पसमा समान संख्या बाँडफाँडको आधारमा मेरीटक्रममा क्याम्पस तोकिने छ ।
[2]मेरीटका आधारमा उच्चतम अंक प्राप्त गर्ने कुनै दुई बिद्यार्थीले भर्ना पाउने छन ।
*नियमित कोटाभित्र समावेश छैनन । स्टाफ कोटामा निर्धारित संख्या भन्दा वढी प्रतिस्पर्धि भएको अबस्थामा यदी एक परिवारबाट एक भन्दा वढी आश्रीत आवेदक भएमा एक शैक्षिक कार्यक्रममा एक परिवारबाट एक जनालाई मात्र कोटा उपलब्ध गराईनेछ ।

## १०. **IDF भर्ना शुल्क**

● IDF कोटा अन्तर्गत भर्ना हुनको लागि जम्मा रु. २,५०,०००।- (अक्षरेपी दुई लाख पचास हजार रुपैंया) मात्र लाग्नेछ । यो रकम किस्ताबन्दीमा पनि बुझाउन सकिनेछ । जस मध्ये प्रथम सेमेष्टरमा भर्ना हुँदा रु.१,५०,०००।- बुझाउनुपर्नेछ र बाँकी रकममध्ये तेश्रो सेमेष्टरमा भर्ना हुँदा रु. ५०,०००।- र पाँचौ सेमेष्टरमा भर्ना हुदाँ रु.५०,०००।- बुझाउनु पर्नेछ ।

## ११. **भर्ना हुन आउँदा ल्याउनुपर्ने कागजातहरुः**

● भर्ना हुन आउँदा SLC वा सो सरह तथा प्रमाणपत्रतह वा सो सरहका सबै शैक्षिक प्रमाणपत्रहरु, स्थानान्तरण प्रमाणपत्र (Migration certificate) तथा लब्धाङ्क पत्रहरु र आवेदन दिँदा upload गरिएका सबै प्रमाणपत्रहरुको सक्कल अनिबार्य रुपमा बिद्यार्थी आफैंले साथमा ल्याई रुजु गराउनु पर्नेछ । Migration certificate अध्ययन सँस्थानमै राखी भर्ना भएको छ महिना पछि मात्र फिर्ता गरिनेछ ।
द्रष्टव्यः विद्यार्थी स्वयम आफु आउन नसक्ने अवस्था परेमा विद्यार्थीको परिवारको नाता खुलेको प्रमाणपत्र पेश गरी भर्ना गर्न सकिनेछ ।

● त्रिभुवन विश्वविद्यालय वाहेक अन्य शिक्षण संस्थाबाट प्रमाणपत्र तह हासिल गरेका विद्यार्थीहरुले त्रि.वि. नामदर्ता (T.U. Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति (यदी फीर्ता भएको भए) अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त समयमा सक्कल Migration Certificate नबुझाई त्रि.वि. नामदर्ता गर्न समस्या भएमा सोको जिम्मेवारी अध्ययन संस्थानले लिने छैन ।

- भर्ना हुन आउँदा सक्कल प्रमाणपत्रहरु निम्नक्रमानुसार राखी Check list अनुशार बुझाउनुपर्ने छ ।

१. रकम जम्मा गरेको बैंक भौचर ।

२. नेपाली नागरिकताको प्रमाणपत्र ।

३. एस. एल. सी. को लब्धाङ्कपत्र ।

४. एस. एल. सी. को चारित्रिक/स्थानान्तरण/मूल प्रमाणपत्र ।

५. 10+2 वा प्रमाणपत्र तहका लब्धाङ्कपत्र (Transcript)।

६. Migration Certificate/ स्थानान्तरण प्रमाणपत्र (सो प्रमाणपत्र छ महिना पछि मात्र फिता गरिने छ) ।

७. प्रमाणपत्र तहको समकक्षता (Equivalence) को प्रमाण पत्र (त्रि.वि. वाहेक अन्य संस्थाबाट उक्त तह पुरा गर्नेहरुको लागि मात्र) ।

८. आरक्षित कोटाका सिफारिस पत्रहरु ।

द्रष्टव्यः कुनै पनि प्रमाणपत्रको प्रतिलिपि भर्ना प्रयोजनको लागी मान्य हुने छैन । तर सक्कल प्रमाणपत्र रुजु गराई सो को एक एक प्रति प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१२. **कक्षा सञ्चालनः**

- २०७५ माघ महिनामा संबन्धित क्याम्पसहरुबाट प्रकाशित सूचना अनुसार हुनेछ ।

- छात्रावास नभएको वा क्षमता सिमित भएकोले सबै विद्यार्थीहरुलाइ छात्रावास उपलब्ध गराउन क्याम्पस प्रशासन बाध्य हुनेछैन ।

१३. आवेदन फाराम बुझाउने तथा भर्ना सम्बन्धि थप जानकारीका लागी यस अध्ययन संस्थानको टेलिफोन नं. ०१५५२४९०२ मा सम्पर्क गर्न सकिनेछ ।

-----------------------------

प्रा.डा. केशबराज अधिकारी
डीन